# स्थानीय राजपत्र

## परोहा नगरपालिकाद्वारा प्रकाशित


| | | |
|---|---|---|
| खण्डः १ | संख्याः १८ | मितिः २०८०/१२/२१ |


**भाग-२**

**परोहा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

## परोहा नगरपालिकाका अस्थायी/करारका कर्मचारीहरुको सेवा स्थायी गर्ने कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/१२/२१

**प्रस्तावनाः**

साविक जि.वि.स. वा स्थानीय विकास कोष वा गा.वि.स. मा वि. सं. २०६४ असोज मसान्तसम्ममा अस्थायी/करार सेवामा नियुक्त भई अविच्छिन्न रुपमा कार्यरत रहेका कर्मचारीहरुलाई श्री सर्वोच्च अदालतको आदेश बमोजिम तत् तत् पदमा सीमित प्रतियोगिताको माध्यमद्वारा स्थायी गर्न कानुनी व्यवस्थाको प्रबन्ध गर्न बाञ्छनीय भएकोले,

परोहा नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८० को दफा ४ बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "अस्थायी/करार कर्मचारीहरुको सेवा स्थायी गर्ने कार्यविधि, २०८०" हुनेछ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "कार्यविधि" भन्नाले अस्थायी/करार कर्मचारीहरुको सेवा स्थायी गर्ने कार्यविधि, २०८० सम्झनु पर्दछ।

(ख) "कर्मचारी" भन्नाले सम्वत् २०६४ असोज मसान्तसम्म साविकको स्थानीय निकाय (साविक जिल्ला विकास समिति वा स्थानीय विकास कोष वा गा.वि.स.) मा अस्थायी वा करारमा नियुक्त भई सोही पदमा अविच्छिन्न रूपमा कार्यरत कर्मचारी सम्झनु पदर्छ।

**स्पष्टीकरण**: सेवा प्रवेश भएदेखि हालसम्म कार्यरत रही आए पनि बीचमा सेवा छुट भएको र पुनः सेवामा आवद्ध रहेको कर्मचारीको हकमा अविच्छिन्न रुपमा कार्यरत रहेको मानिने छैन।

(ख) "कार्यपालिका" भन्नाले परोहा नगरपालिकाको नगर कार्यपालिका सम्झनु पदर्छ।

(ग) "नगरपालिका" भन्नाले परोहा नगरपालिका सम्झनु पदर्छ।

(घ) "समिति" भन्नाले दफा ३ बमोजिमको समिति सम्झनु पदर्छ।

## परिच्छेद-२
## विशेष पदपूर्ति सम्बन्धी व्यवस्था

३. **अदालतको आदेश कार्यान्वयन**: (१) नगरपालिकाले सम्मानित श्री सर्वोच्च अदालत, संवैधानिक इजलासको मिति २०७४/९/२१, ऋचा उप्रेती विरुद्ध मन्त्रीपरिषद, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसमेत, विषयः उत्प्रेषण, ०६९-WS-००६१ मा भएको आदेश बमोजिम सम्वत् २०६४ असोज मसान्तसम्म साविकको स्थानीय निकायमा अस्थायी र करार सेवामा नियुक्त भई परोहा नगरपालिकामा कार्यरत रहेका र सोही पदमा हालसम्म अविच्छिन्न रूपमा कार्यरत कर्मचारीहरुको सेवा सीमित आन्तरिक प्रतियोगिताबाट स्थायी गर्नेछ।

(२) उपदफा (१) बमोजिमका कर्मचारीहरुको सेवा स्थायी गर्ने प्रक्रिया सम्पादन गर्न नगरपालिकामा एक पदपूर्ति समिति गठन हुनेछ। उक्त समितिले गठन भएको मितिले ६ महिना भित्रमा कार्यसम्पन्न गर्नेछ।

(३) उपदफा (२) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः

(१) प्रमुख प्रशासकीय अधिकृत – अध्यक्ष

(२) प्रमुख प्रशासकीय अधिकृतले तोकेकको अधिकृत स्तरको कर्मचारी – सदस्य

(३) प्रशासन शाखा प्रमुख वा तोकिएको कर्मचारी – सदस्य सचिव

(४) प्रदेश लोक सेवा आयोग वा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रतिनिधि आमन्त्रण गर्न सकिनेछ।

(५) पदपूर्ति समितिमा आवश्यकता अनुसार विषय विज्ञलाई प्रतिनिधिको रुपमा आमन्त्रण गर्न सक्नेछ।

(६) उपदफा (३) बमोजिमको पदपूर्ति समितिको अध्यक्ष तथा सदस्य दुई महिनाभित्र तोकि सक्नु पर्नेछ।

(७) उपदफा (३) बमोजिमको समितिले आफ्नो कार्यविधि आँफै निर्धारण गर्नेछ।

४. **परीक्षा विधि**: यस कार्यविधि बमोजिम सम्वत् २०६४ असोज मसान्तसम्म नियुक्त भई हालसम्म अविच्छिन्न रूपमा नगरपालिकामा अस्थायी/करार सेवामा कार्यरत कर्मचारीहरुको सेवा स्थायी गर्न समितिले सेवा, समूह र पदका लागि आवश्यकता र उपयुक्तताका आधारमा लिखित र मौखिक परीक्षा विधिबाट छनौट गरी अवलम्बन गर्न सक्नेछ।

५. **विशेष सुविधा**: नगरपालिकाले सञ्चालन गर्ने यस कार्यविधि बमोजिमको सीमित आन्तरिक प्रतियोगितामा सहभागी हुन अनिच्छुक कर्मचारीहरुलाई नगर कार्यपालिकाको निर्णय अनुसारको विशेष सेवा सुविधा उपलब्ध गराउन सक्नेछ।

६. **सेवा अवधि गणना हुने**: यस कार्यविधि बमोजिम स्थायी भएका कर्मचारीको सेवा अवधि स्थायी नियुक्त भएको मिति देखि गणना हुनेछ।

तर बढुवा प्रयोजनको लागि स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६९ (ग) बमोजिम नोकरी अवधि गणना हुनेछ।

७. **उमेरको हद**: सम्वत २०६४ असोज मसान्तसम्म नियुक्त भई हालसम्म अविच्छिन्न रुपमा कार्यरत् कर्मचारीलाई सीमित आन्तरिक प्रतियोगितात्मक परीक्षामा सामेल हुन उमेरको हद लाग्ने छैन।

## परिच्छेद-३
## विविध

८. **समितिको विघटन**: दफा ३ बमोजिम गठित समिति यो कार्यविधि बमोजिमको कार्यसम्पन्न गरेपश्चात् स्वतः विघटन हुनेछ।

९. **बाधा अड्काउ फुकाउ**: यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले फुकाउन सक्नेछ।

१०. **खारेजी**: यो कार्यविधि एक पटक कार्यान्वयन भएपछि स्वतः निष्क्रिय हुनेछ।

**प्रमाणीकरण मिति**: २०८०/१२/२१

आज्ञाले,
मो. महफुज अहमद
प्रमुख प्रशासकीय अधिकृत